आ.व. ०७६।०७७

वैठक:- नगर कार्यपालिका वैठक

अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्या: २१/०७६/७७

मिति:-२०७७२१८

स्थान:- ता.न.पा सभाहल

समय:- विहान ८.०० बजे

तानसेन नगर कार्यपालिकाको विशेष वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा ६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री डिल्लीराज बेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ |
| श्री शिव थापा | वडा सदस्य | वडा नं. १ |

**विशेष आमन्त्रीत**

श्री मुकुन्दराज अधिकारी डिभिजन प्रमुख सडक डिभिजन कार्यालय पाल्पा

श्री जिवन बहादुर थापा क्याम्पस प्रमुख त्रिभुवन क्याम्पस पाल्पा

श्री सकुन्तला थान्जु प्रमुख तानसेन स्कूल अफ हेल्थ साईन्स

श्री कृष्ण खत्री - स. क्याम्पस प्रमुख त्रिभुवन क्याम्पस पाल्पा

श्री राम बिहारी चौधरी - इन्जिनियर डि. सडक कार्यालय पाल्पा

क्रमश:

निर्णय नं. १

पाल्पा जिल्लामा हाल त्रिभुवन विश्व विद्यालयबाट सम्बन्धन प्राप्त गरी तानसेन स्कुल अफ हेल्थ साइन्स, पाल्पाद्वारा स्टाफ नर्सको अध्यापन कार्य सञ्चालन हुँदै आएकोमा उक्त संस्थाको अवधारणा अनुसार यसको स्तरवृद्धि गरी तानसेन नगरपालिका, तानसेन स्कुल अफ हेल्थ साइन्स र युनाइटेड मिसन अस्पताल तानसेन, पाल्पाको समन्वय, साझेदारी र सहकार्यमा BSC Nursing कक्षा सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सहमति दिने निर्णय गरियो ।

निर्णय नं. २

यातायातको सहज व्यवस्थापन र दुर्घटनाको न्यूनिकरण गर्न नेपाल सरकारको सडक सञ्चालन र व्यवस्थापन गर्ने नीति अनुरुप पश्चिमाञ्चल डिभिजन सडक कार्यालयको समन्वय, सहयोग र अनुगमनमा नगरपालिकाबाट सिद्धार्थ लोकमार्गको बुचेधारा, गैरी कटेरी बर्तुङ्ग हुँदै गौडे पुलसम्म सडक चौडा गर्ने कार्य अगाडि बढाउन प्राविधिकबाट तयार गरिएको सर्भे, डिजाइन र लगत स्टिमेटका आधारमा हाललाई बर्तुङ्ग देखि नयाँपाटीसम्मको लागि रकम रु.९९,५०,०००।- (अक्षेरुपी उनान्सय लाख पचास हजार मात्र) को लगत ईष्टिमेट स्वीकृत गर्ने र बजेट व्यवस्थापनको लागि आगामी नगरसभाबाट अनुमोदन हुने गरी नगर विकास योजनाको नगर गौरवको बिग बुद्ध परियोजना शिर्षकबाट रकमान्तर गर्ने र सडक चौडा गर्न सहमतिको लागि पश्चिमाञ्चल सडक डिभिजन कार्यालय, पाल्पामा लेखि पठाउने निर्णय गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १४ को व्यवस्था बमोजिम उल्लेखित सडक निर्माण, व्यवस्थापन र कार्यान्वयनमा सहयोग पुऱ्याउन पश्चिमाञ्चल डिभिजन सडक कार्यालय, पाल्पाका प्रमुख वा प्रतिनिधि आमन्त्रित सदस्य रहने गरी तपशिल बमोजिमको विशेष समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| १. श्री राम प्रसाद वस्याल, वडा अध्यक्ष, ता.न.पा. १ | संयोजक |
| २. श्री सागरमान महर्जन, वडा अध्यक्ष, ता.न.पा. ६ | सदस्य |
| ३. श्री मुक्तिराम जी.सी. वडा अध्यक्ष, ता.न.पा. ७ | सदस्य |
| ४. श्री राम प्रसाद घिमिरे, वडा अध्यक्ष, ता.न.पा. ८ | सदस्य |
| ५. पश्चिमाञ्चल डिभिजन सडक कार्यालय, पाल्पाका प्रमुख वा प्रतिनिधि | आमन्त्रित सदस्य |
| ६. श्री राम प्रसाद श्रेष्ठ, ईन्जिनियर ता.न.पा. | सदस्य सचिव |

निर्णय नं. ३

तानसेन नगरपालिकाबाट तानसेन-बतासे-हुम्नाखानी हुँदै भैरवस्थान गाउँपालिकाको पूर्वी सीमाना सम्म सडक चौडा गर्ने क्रममा त्रिभुवन बहुमुखी क्याम्पसको व्यवस्थापन समितिबाट बतासेडाँडा क्याम्पस क्षेत्रको सडकमा Retention wall निर्माण गरिदिन माग भइ आएकोले वाल निर्माणको कार्य अगाडि बढाउन प्राविधिक शाखाबाट लगत इस्टिमेट गराई आवश्यक पर्ने बजेट व्यवस्थापनको लागि नगर विकास योजनाको नगर गौरवको बिग बुद्ध परियोजना शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

तानसेन नगरपालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि स्थानीय पाठ्यक्रम तयार गरी लागू गर्ने उद्देश्यले कार्यपालिकाको मिति २०७६।५।१४ गतेको बैठकबाट गठन गरिएको स्थानीय पाठ्यक्रम समितिको म्याद समाप्त भएकोले हालको बन्दाबन्दीको अवस्थालाई मध्यनजर गरी थप ६ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

आज मिति २०७७।२।१८ गतेको कार्यपालिकाको २१ औं बैठक समयाभावका कारण पुनः मिति २०७७।२।१९ गते बिहान ८:०० बजे बस्ने गरी स्थगित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आ.ब. ०७६।०७७

वैठक संख्या: २१/०७६/७७
दोश्रो शत्र

वैठक:- नगर कार्यपालिका वैठक
अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही

मिति:-२०७७।२।१९
स्थान:- ता न पा सभाहल
समय:- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा मिति २०७७।२।१८ गते वैठकको पहिलो शत्र दिनको १२.३० वजे अध्यक्ष ज्युवाट स्थगन भएकोमा आज दोश्रो शत्रको वैठक वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे (प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा ४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा ६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता न पा ८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता न पा ९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा १० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता न पा १२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा १३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता न पा १४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का पा सदस्य | ता न पा १ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का पा सदस्य | ता न पा ३ | सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम वहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री डिल्लीराज बेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ |
| श्री शिव थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा १ |

Scanned with CamScanner

**निर्णय नं. १**

तानसेन नगरपालिकाको गैरागाउँ हुँदै सिद्धार्थ राजमार्ग जोड्ने सडक चौडा एवं स्तरवृद्धि गर्न स्थानीयबाट लिखित माग भएको र सडक चौडा गर्ने कार्यको लागि जग्गा धनीहरुबाट समेत जग्गा उपलव्ध गराउन सहमत भएकोले हाल सडक बोर्ड नेपालतर्फको रकमबाट सडक मर्मतको लागि ठेक्का सम्झौता भैसकेकोमा त्यसलाइं असर नपर्ने गरी लागत स्टिमेट तयार गरी सडक अधिकार क्षेत्र अनुसार १२ मिटर सडक चौडा गर्न आगामी आर्थिक वर्षको नगर विकास योजनामा समावेश गरी आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाबाट कालीगण्डकी नदी क्षेत्रमा नदीजन्य वस्तु उत्खनन् संकलन तथा विक्री वितरण तर्फ राजश्व शाखाबाट प्रस्तुत देहायंकी कार्य प्रगति सहितको आंय व्यय विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

| आम्दानी तर्फ | | | | | | खर्च तर्फ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स | विवरण | परिमाण | दर | जम्मा | हालसम्मको प्रगति | क.स | विवरण | परिमाण | दर | जम्मा | हालसम्मको प्रगति |
| १ | बालुवा बिक्रि | ८०० | १६००० | १२८००००० | ७१००३१ | १ | टिपर भाडा | ८०० | ८००० | ६४००००० | ० |
| | | | | | | २ | डोजर खर्च मर्मत | १ | ७००००० | ७००००० | ४८५००० |
| | | | | | | ३ | बाटो निर्माण | १ | ३२०००० | ३२०००० | २८६००० |
| | | | | | | ४ | अपरेटर खर्च | ४ | ३०००० | १२०००० | ६२०५० |
| | | | | | | ५ | लेबर खर्च | १६०० | ६०० | ९६०००० | ३३५६०० |
| | | | | | | ६ | कर्मचारी | १० | १८००० | १८०००० | ४०२५० |
| | | | | | | ७ | प्रशासनिक खर्च अन्य | १ | २०००० | २०००० | ० |
| | | | | | | ८ | नष्ट हुन सक्ने | ४० | १३००० | ५२०००० | ० |
| | | | | | | ९ | घाट गरी व्यवस्थापन | १ | ३००००० | ३००००० | ० |
| | | | | | | १० | बाटो मर्मत | १ | २००००० | २००००० | ० |
| | | | | | | ११ | औजार | १ | १००००० | १००००० | १०७१६७ |
| | | | | | | १२ | इन्धन | ५००० | १०० | ५००००० | १२९६०० |
| | | | | १२८००००० | ७१००३१ | | | | | १०३२०००० | १४३२९६७ |
| | | | | | | | | | | | ० |
| | | | | | | | मुनाफा | | | २४८०००० | (७२२१३५९) |

661167

48864.1

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको श्रममा आधारित राहत वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार हालको बन्दाबन्दीको समयमा बेरोजगार तथा न्यून आय एवं असहाय वर्गलाइं राहत प्रदान गर्न प्रति वडा रु. २०००००।- (अक्षेरुपी दुइ लाख मात्र) का दरले बजेट विनियोजन गर्ने र सो कार्य अगाडि बढाउन वडा कार्यालयबाट एक हप्ता भित्रमा योजनाको नाम र श्रम गर्न इच्छुक व्यक्तिहरुको नामावली नगरपालिकामा उपलव्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ४

सी.सी.एम.सी. पाल्पाको निर्णय बमोजिम तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित आइसोलेसन कक्ष निर्माण, सञ्चालन तथा व्यवस्थापन कार्यकारी समितिबाट निर्णय भए बमोजिम पालिकाहरु (तानसेन, बगनासकाली, तिनाउ र माथागढी) बाट सञ्चालन गरिने आइसोलेसन कक्ष निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि पहिलो चरणमा जम्मा रकम रु. ३,१००००।-(अक्षेरुपी तीन लाख दश हजार मात्र) अनुमोदन गर्दै थप रु.६,२००००- (अक्षेरुपी छ लाख बीस हजार मात्र) कोरोना कोषमा जम्मा गर्न स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. ५

नगरपालिकाद्वारा सञ्चालित जनप्रीय मा.वि. र त्रिभुवन वहुमुखी क्याम्पसमा अवस्थित क्वारेन्टाइनमा कार्यरत भान्सेलाई लकडाउन अवधिभरका लागि प्रतिव्यक्ति मासिक रु. १५०००।- उपलब्ध गराउने र हाल क्वारेन्टाइनमा वस्ने मानिसहरुको संख्या निरन्तर बृद्धि हुँदै गइरहेको सन्दर्भमा मिति २०७७।२।१८ गतेदेखि लागु हुने गरी ५० जना भन्दा बढी मानिसहरु भएमा प्रतिदिन रु.२००।- र ७५ जना भन्दा बढी भएमा थप रु. १०० गरी रु.३००।- का दरले भत्ता उपलब्ध गराउने निर्णय गरियो । होल्डिङ्ग क्वारेन्टाइनको लागि सीसीएमसी को निर्णय अनुसार नगरपालिकाबाट रकम रु. १,०००००।- (अक्षेरुपी एक लाख मात्र) कोषमा राखी खर्च गर्न अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ६

हाल नोवेल कोरोना भाइरस (COVID-19) संक्रमणको अवस्था द्रुतरुपमा बढदैं गएको र आन्तरिक तथा वाह्य मुलुकहरुवाट नेपाली नागरिकहरु जिल्ला भित्र प्रवेश गर्ने क्रम बढदै गैरहेको अवस्थालाई मध्यनजर गरी उनीहरुलाई सुरक्षित रुपमा क्वारेन्टाइनमा राख्नु पर्ने, हालको क्वारेन्टाइनको क्षमता पर्याप्त नभएको साथै तत्काल स्वास्थ्य परीक्षण समेत हुन नसकेको गम्भीर परिस्थितिलाई मध्यनजर गरी कार्यपालिकाको मिति २०७७।१।३१ गतेको निर्णय बमोजिम तत्काल वडा कार्यालयको समन्वयमा स्थानीयस्तरवाटै क्वारेन्टाइन सञ्चालनको व्यवस्था मिलाउने र समुदायको मागको आधारमा होटल क्वारेन्टाइनको अवधारणा समेत अगाडि बढाउने निर्णय गरियो । सामुदायिक क्वारेन्टाइन निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधि तयार गर्न निम्नानारको समिति गठन गर्ने निर्णय गरियो :

| | | |
|---|---|---|
| श्री दामोदर प्रसाद घिमिरे | नगर प्रवक्ता | संयोजक |
| श्री टुक प्रसाद भट्टराई, | संयोजक होल्डिङ्ग क्वारेन्टाइन | सदस्य |
| श्री मागरमान महर्जन | वडा अध्यक्ष, वडा न ६ | सदस्य |
| श्री फविन्द्र न्यौपाने | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

Scanned with CamScanner

**निर्णय नं. ७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहको बार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन अनुसार आगामी २०७७ आषाढ १० गते दिउसो १:०० वजे बस्ने तानसेन नगरपालिकाको सातौं नगरसभामा पेश हुने आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रिया तत्काल अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

आगामी आ.व.को नीति तथा कार्यक्रम र वजेट तयारीको क्रममा सम्वन्धित सरोकारवालाहरुलाई आवश्यक जानकारी सहित व्यापक जनसहभागिता गराई वजेट तर्जुमा गर्न वस्ती तथा वडास्तरवाट प्राप्त आयोजनाहरुलाई समावेश गरी विषयगत योजना मस्यौदा तयार गर्न वजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

आ.व.२०७७/०७८ को बजेट निर्माण प्रक्रिया अगाडि वढाउने क्रममा नगर कार्यपालिकाका सम्पूर्ण विषयगत शाखाहरुवाट हालसम्म भएका कार्यक्रम तथा गतिविधिहरुको प्रगति प्रतिवेदन, कार्यक्रम सञ्चालनको अवस्था, समस्या तथा चुनौतिहरुलाई समेटी शाखागत प्रतिवेदन प्रस्तुत भएकोमा यसलाई समेत आधार मानी कार्यालयवाट उपलव्ध गराइएको वजेट सिलिङ्गका आधारमा आगामी आ.व.को योजना तथा कार्यक्रम तर्जुमा कार्यमा विषयगत समितिहरुलाई सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको सातौं नगरसभामा पेश गर्ने आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम र वजेटको प्रारम्भिक मस्यौदा तयार गर्नका लागि तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री डिल्ली राज वेल्वासको संयोजकत्वमा निम्नानुसारको कार्य टोली गठन गर्ने निर्णय गरियो ।

<u>निम्न</u>:

श्री डिल्ली राज वेल्वासे, प्रमुख प्रशासकीय अधिकृत : संयोजक
श्री दुर्गा वहादुर थापा, आर्थिक विकास/सहकारी शाखा
श्री विष्णु पौडेल, योजना शाखा
श्री कोशलराज घिमिरे, आर्थिक प्रशासन शाखा
श्री भरत प्रसाद आचार्य, प्रशासन शाखा
श्री राम प्रसाद श्रेष्ठ, पूर्वाधार शाखा
श्री मधुसुदन घर्ती, राजश्व शाखा

Scanned with CamScanner

श्री प्रकाश गैरे आई. टी.अफिसर ।
श्री गोविन्द प्रसाद भट्टराई, प्रेस सल्लाहकार
श्री रामजी बहादुर कार्की, स्टोर शाखा
श्री भुपेन्द्र कार्की, स.क.अ. लेखा

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको शहरी क्षेत्र भित्र विद्युत वितरण प्रणालीलाई व्यवस्थित बनाउन विद्युत लाइनको अण्डर ग्राउण्ड गर्ने कार्यको लागि नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रबाट प्राप्त परियोजना प्रस्ताव अनुसारको कार्य अगाडि बढाउन नेपाल सरकार अर्थ मन्त्रालय, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय र नेपाल विद्युत प्राधिकरण, काठमाण्डौंमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**

तानसेन नगरपालिकाबाट हालको बन्दाबन्दीको समयमा सनराइज टेलिभिजन मार्फत सञ्चालन गरिएको वैकल्पिक दूर शिक्षा-कार्यक्रम अन्तर्गत दैनिक ५ विषयको लागि ४ घण्टा कक्षा सञ्चालन गर्ने गरी नगर विकास योजनाको नगर गौरवको विग बुद्ध परियोजना शिर्षकबाट रकमान्तर गरी रु. ५०,०००।- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

वि.पी.स्मृति पुस्तकालय व्यवस्थापन समितिबाट पुस्तकालय भवन निर्माण तथा पुस्तकालय सञ्चालनको लागि रकम माग गरिएकोमा नगर विकास योजनाको नगर गौरवको विग बुद्ध परियोजना शिर्षकबाट रकमान्तर गर्ने गरी रु.५००,०००।- (अक्षेरुपी पाँच लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१४**

कोभिड-१९ को महामारी फैलिरहेको हालको अवस्थामा कृषि विकास र रोजगार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन नगर उपप्रमुखको संयोजकत्वमा निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो :

Scanned with CamScanner

निम्न :

| | | |
|---|---|---|
| लक्ष्मी देवी पाठक | नगर उपप्रमुख | संयोजक |
| दामोदर घिमिरे | नगर प्रवक्ता | सदस्य |
| सागरमान महर्जन | वडा अध्यक्ष, वडा नं. ६ | सदस्य |
| प्रेम मल्ल | वडा सदस्य, वडा नं. ३ | सदस्य |
| भीम बहादुर कुमाल | वडा सदस्य, वडा नं. ९ | सदस्य |
| दान बहादुर कवर मगर | पशुसेवा शाखा, ता.न.पा. | सदस्य |
| सरोज तिमिल्सेना | कृषि विकास शाखा, ता.न.पा. | सदस्य |
| दुर्गा बहादुर थापा | बरिष्ठ अधिकृत, ता.न.पा. | सदस्य सचिव |

**निर्णय नं. १५**

बतासेडाँडा-रानीमहल सडकको क्षेत्रधिकार भित्र विभिन्न व्यक्तिहले सडक अतिक्रमण गरी पूर्वाधार निर्माण कार्य गरिरहेको हुँदा सडक ऐन, २०३४ अनुसार पर्यटन मार्गको मापदण्ड अनुसार सडकको केन्द्रबाट १२/१२ मिटर चौडा रहने गरी वडा कार्यालय, सरोकारवाला नियंकायहरु समेतको समन्वय र सहकार्यमा तत्काल निर्माण भएका संरचनाहरु हटाउनका लागि आवश्यक प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिकाको वडा नं. ५ को बनदेवी क्षेत्रमा वातावरण मैत्री हरित बसपार्क निर्माणका लागि उक्त क्षेत्रमा रुख कटान कार्य प्रारम्भ भैसकेको हुँदा सोको विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report-DPR) तयार गर्न खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १७**

तानसेन नगरपालिका क्षेत्रमा विद्युतको नियमित आपूर्तिको लागि बैकल्पिक उर्जा तर्फ सोलार विद्युत जडान कार्यक्रम (Solar Electricty Program) सञ्चालन गर्न भौतिक पूर्वाधार विकास मन्त्रालय, जलश्रोत तथा उर्जा विकास महाशाखा, प्रदेश नं. ५ मा पुनः माग गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १८**

प्रदेश सरकारबाट चालु आ.व.मा कोभिड लक्षित कृषि कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्थापन गरिएको हुँदा कृषि तथा पशु शाखाबाट पेश भएको कृषि तथा पशु विकास वार्षिक कार्यक्रम (दोस्रो संसोधन) २०७७ पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिकाको कृषि विकास कार्यक्रमतर्फ कृषकलाई कृषि औजार लगायतका सामग्रीहरु अनुदानमा वितरण गर्न **कृषि यान्त्रिकरण अनुदान कार्यविधि, २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

तानसेन नगरपालिकाका वडा नं. १३ र १४ को अर्तुङ्गा क्षेत्रमा कालीगण्डकी नदीबाट उत्खनन् गरिएको बालुवा (मसिनो/मोटो), गिट्टी लगायत अन्य नदीजन्य पदार्थको उत्खनन् र व्यवस्थापनको लागि तत्काल निम्नानुसारको कार्य गर्ने निर्णय गरियो :

**निम्न** :

- तयारी गिट्टी र बालुवालाई सुरक्षित स्थानमा ल्याई डम्पिङ्ग गर्ने,
- ढुवानीको लागि ट्रक भाडामा लिन आवश्यक प्रक्रिया अगाडि बढाउने,
- उत्खनन् भएको बालुवा र गिट्टीको गुणस्तर जाँचका लागि ल्याव परीक्षण गर्ने,
- उत्खनन् गरिएको नदीजन्य वस्तुहरु स्थानीय विकास निर्माण कार्यमा लगाउन नगरबासीलाई प्रेरित गर्ने ।

**निर्णय नं. २१**

तानसेन नगरपालिकाका विभिन्न वडाहरुबाट लागत सहभागिताको ५०/५० शिर्षक अन्तर्गत योजनाहरु माग भई आएकोले तपशिल बमोजिमका योजनाहरुमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | स्थान | योजनाको लागत रु. | नगरपालिकाबाट व्यहोर्ने रकम |
|---|---|---|---|---|
| १ | गाङ्गदी खोला-वृन्द्रावन-तारे गैरा खा.पा. मुल संरक्षण | ता.न.पा.वडा नं. ८ | १००००० | ५०००० |
| २ | भीम बहादुर रास्कोटीको घर देखि दक्षिण खुमी रास्कोटीको घर सम्म सडक निर्माण | ता.न.पा. वडा नं. ७ | १०००००० | ५००००० |
| ३ | बाघखोर खेल मैदान निर्माण | ता.न.पा. वडा नं. ७ | ५००००० | २५०००० |

Scanned with CamScanner

**निर्णय नं. २२**

तानसेन नगरपालिका वडा नं. १४ मा गत आ.व.मा सञ्चालित ६०/४० कार्यक्रम अन्तर्गतको भगवती मन्दिर नजिक मोटर बाटो विस्तार आयोजनाको म्याद २०७६ आषाढ मसान्तमा समाप्त भै योजना अधुरो रहेको र तानसेन नगरपालिकाको पाँचौ नगरसभाबाट कार्यक्रमको रकम सहित जिम्मेवारी सरी आएकोले २०७६ श्रावण १ गते देखि २०७७ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

तानसेन नगरपालिकाको चालु आ.व.२०७६/०७७ का लागि स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम म्याद २०७७ जेष्ठ मसान्तसम्म तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

तानसेन नगरपालिका वडा नं. ६ स्थित ज्ञानमाला संघ, आनन्द विहारबाट माग भएको सांगितिक उपकरणहरु व्यवस्थापनको लागि नगर विकास योजना अन्तर्गत नगर गौरबको विग बुद्ध परियोजना शिर्षकबाट रु.१०००००।- (अक्षेरुपी एक लाख मात्र) रकमान्तर गरी भुक्तानी दिने गरियो ।

**निर्णय नं. २५**

तानसेन नगरपालिका वडा नं. ७ र १० मा सञ्चालित प्रभास सहलगानी खानेपानी योजनाले ऋण लिनको लागि नगर विकास कोषमा सिफारिसका लागि निबेदन दिएकोमा माग बमोजिम सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

तानसेन नगरपालिकाका विभिन्न वडाहरुमा दशै सडक मर्मत कार्यक्रमतर्फ सञ्चालन गरिएका योजनाहरुको प्राविधिक मूल्यांकन बमोजिम हुन आउने रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

ता.न.पा. वडा नं. १ को लागि स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत शिवालय मन्दिर देखि कुलायन मन्दिर जाने बाटोको योजना परिवर्तन गरी बझादी देखि मित्रलाल वस्यालको घरसम्म

Scanned with CamScanner

जोडने गोरेटोबाटो मर्मत योजना कायम गर्न वडा कार्यालयको सिफारिस सहित माग भएकोमा योजना संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

तानसेन नगरपालिकाबाट नेपाल पत्रकार महासंघ, पाल्पाको अनुरोध अनुसार ९५ जना पत्रकारहरुको कोभिड विमा गरिएकोमा विमांक रकम रु.५७०४०।- नगर गौरवको विग बुद्ध परियोजना शिर्षकबाट रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

तानसेन नगरपालिकाको आ.व. २०७६/०७७ मा तपशिल बमोजिमका वडास्तरीय स्वीकृत योजनाहरु आगामी नगरसभाबाट अनुमोदन हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u> :

**१. तानसेन नगरपालिका वडा नं. ३**
**हाल कायम रहेको योजना :**
क. मस्जित जाने बाटो मर्मत - रु.१,००,०००-।
ख. बसन्तपुर निरको सिमानाको नाली निर्माण तथा मर्मत - रु.१,००,०००।-
ग. प्रगतीनगर भ्यूप्वान्ट रेष्टुरेन्ट देखि विष्णु ढकालको घर सम्म जाने बाटो सुधार -रु.२,९३,०००।-

**संसोधन गरिएको योजना :**
क. वडा कार्यालय व्यवस्थापन तथा फर्निचर ~~व्यवस्थापन~~ - रु.१,००,०००।-
ख. जे.भि.टि. स्कुलका फर्निचर व्यवस्थापन - रु.१,००,०००।-
ग. श्रीनगरमा बाटो निर्माण तथा मर्मत - रु. २,९३,०००।-

**२. तानसेन नगरपालिका वडा नं. ७**
**हाल कायम रहेको योजना :**
क. शालिकरामको घर देखि शान्ति कुञ्ज जाने मोटरबाटो स्तरोन्नती (अधुरो हुन भएकोले)- रु.१,००,०००।-
**संसोधन गरिएको योजना :**
क. होलाङ्गदी खोलां मूल व्यवस्थापन तथा टंकी निर्माण योजना खुर्पादी - रु.१,००,०००।-

**३. तानसेन नगरपालिका वडा नं. ४**
**हाल कायम रहेको योजना :**
क. सबै टोल विकास संस्थाको संस्थागत तथा क्षमता विकास कार्यक्रम -रु.१,५०,०००।-
ख. क्रिकेट खेल सञ्चालन - रु.१,००,०००।-
**संसोधन गरिएको योजना :**

Scanned with CamScanner

क. उल्लेखित दुबै आयोजनाहरुबाट आगामी आ.व.२०७७/०७८ को लागि कोभिड १९ सँग सम्वन्धित कार्यक्रममा राख्ने व्यवस्था - रु.२,५०,०००।-

४. तानसेन नगरपालिका वडा नं. २

हाल कायम रहेको योजना :

क. महिला लक्षित कार्यक्रम -रु.१,५०,०००।-

संसोधन गरिएको योजना :

क. छिडिको सडकको ढल निर्माण/मर्मत - रु.१,५०,०००।-

५. तानसेन नगरपालिका वडा नं. ६

हाल कायम रहेको योजना :

क. स्वास्थ्य सम्वन्धी जनचेतनामुलक कार्यक्रम -रु.१३४७७२।-

संसोधन गरिएको योजना :

क. स्वास्थ्य सामग्री खरिद- रु.१३४७७२।-

६. तानसेन नगरपालिका वडा नं. ९

हाल कायम रहेको योजना :

क. सेती काभ्रो साउदी भल नियन्त्रण -रु.१,००,०००।-

संसोधन गरिएको योजना :

क. क्वारेन्टाइन व्यवस्थापन कार्य - रु.१,००,०००।-

७. तानसेन नगरपालिका वडा नं. १४

हाल कायम रहेको योजना :

क. रनुवा टोल मोटर बाटो निर्माण -रु.२,००,०००।-

ख. रनुवा टोल पाखो सिंचाई -रु.१,५०,०००।-

ग. हृषिकेश टोल एक घर एक धारा व्यवस्थापन -रु.३,००,०००।-

घ. पुजेरी गाउँ मोटर बाटो निर्माण -रु.१,००,०००।-

संसोधन गरिएको योजना :

क. ख्याहा अर्गली मोटर बाटो - रु.७,५०,०००।-

८. तानसेन नगरपालिका वडा नं. ११

हाल कायम रहेको योजना :

क. बाँझा जुकिया मोटर बाटो करिडोर बृक्षारोपण -रु.१,००,०००।-

ख. कुरुङ्गखोला नर्सरी स्थापना -रु.४१,०९७।-

ग. कानूनी सचेतना -रु.२०,०००।-

संसोधन गरिएको योजना :

क. काभ्रे कुडापानी चण्डीथान थुम्की मोटर बाटो - रु.१,६१,०९७।-

हाल कायम रहेको योजना :

क. भालुवन देखि खयरतुङ्ग सडक मर्मत तथा सुधार -रु.२,००,०००।-

संसोधन गरिएको योजना :

क. कुँडापानी खेल मैदान -रु.१,००,०००।-

ख. तिलाहार खेल मैदान -रु.१,००,०००।-

Scanned with CamScanner

**९. तानसेन नगरपालिका वडा नं. १३**
**हाल कायम रहेको योजना:**

क.हेल्थपोष्ट माफटोल बेडीटोले मोटरवाटो: -रु ४०००००।
ख.अर्चले वन्जाडा हुदै कालीगण्डकी करिडोर म.वा.निर्माण: -रु. २,५०,०००।
**सम्सोधन गरिएको योजना:**
क.छेर्लुङ्ग माफी महिला समूहका सदस्यहरुका लागि वाखाको खोर निर्माण अनुदान -रु. ४०००००।
ख.करिडोर सपौदी देखि ठुलापोखरा जाने मोटरवाटो ग्राभेल: --रु. २,५०,०००।
**१०. तानसेन नगरपालिका वडा नं. ८**
**हाल कायम रहेको योजना:**
क.वाटुलेचौर देखि देउगिरेको घरमाथी अधुरो ठाडो वाटोमा सिडि निर्माण -रु. १,००,०००।
**सम्सोधन गरिएको योजना:**
क.ता.न.पा. वडा नं.८ मा सामुदायिक क्वारेन्टाईन व्यवस्थापन -रु. १,००,०००।

**निर्णय नं. ३०**
तानसेन नगरपालिका वडा नं. ५ वतासेडाडा ढुंगाखानी हुदै ता.न.पा. वडा नं. ११ वन्दीपोखरा सिमानासम्म सडक चौडा गर्दा निस्केको ढुंगाहरु वडा नं. ५ स्थित हरियाली वसपार्क निर्माण कार्यमा प्रयोग गर्नका लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही ढुवानी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३१**
तानसेन नगरपालिकाको सवै वडाहरुमा आ.व.०७६।०७७ मा विनियोजन भएको तर काम गर्न वाकी रहेका योजना तथा कार्यक्रमवाट वडाको समन्वयमा हाल अत्यावस्यक रहेको सामुदायिक क्वारेन्टाईन निर्माण तथा व्यवस्थापन कार्यमा खर्च गर्नेगरी योजना सम्सोधन सहित पेश हुन आएमा आगामी कार्यपालिका वैठकवाट अनुमोदन गर्नेगरी कार्य प्रकृया अगाडी वढाउने
निर्णय गरियो ।

Scanned with CamScanner